VARNABAS
MUSEUM HOTEL

# वर्णबास म्युजियम होटल बालुवाटारको बिज्ञप्ति

काठमाण्डौ महानगरपालिका वडा नं. ४ बालुवाटारमा निर्माणाधिन नेपाली सस्कृति, भेषभुषा, कला र भूगोलको एउटै प्रतिबिम्ब "वर्णबास म्युजियम होटल" ले महानगरको पटक पटकका जुरी बाट अनुमति प्राप्त गर्यो र यो निर्माणको अन्तिम चरणमा छ ।

यस होटलको निर्माण पूर्ब बिबिध प्रक्रियाका चरणहरू पार गर्ने क्रममा प्रारम्भिक वातावरणिय परिक्षा उतिर्ण गरेको छ साथै भवन निर्माण गर्दा नक्शा पास भए अनुरूप दक्षिणपत्ति टुकुचा खोलाको किनाराबाट क्रमशः ५।५ मिटर देखि ६।५ मिटर जमिन छोडेर निर्माण गरिएको छ र भबिष्यमा टुकुचा किनाराबाट बिस्तार हुन सक्ने सडकलाई प्रचलित नियमअनुरूप मार्ग प्रसस्त गरिएको छ । यसैगरि निर्माणाधिन संरचनाको चारैतर्फ ५।५ मिटर जमिन छाडिएको छ ।

स्मरण रहोस महानगरको भवन निर्माणको निति र कानुनले टुकुचा खोलाको किनाराबाट आफ्नो जमिन तर्फ ५ मिटर छाड्नुपर्ने हो वा टुकुचाको मध्य भागबाट छाड्नु पर्ने हो भन्ने प्रष्टिकरण गरेको छैन ।

वर्णबास म्युजियम होटलले चर्चेको जमिनको दक्षिण तर्फ खोला भएको हुनाले बर्षायाममा पानीको बहाव बढ्दा क्षति हुने त्रासले आफ्नो जमिनको रक्षार्थ पक्की कम्पाउण्ड लगाइएको र हामीबाट सम्भाबित सुन्दर सडक निर्माण हुने अपेक्षा अनुरूपै पूर्वअनुमान गर्दै कानुनको परिधि भित्र रहेर सडकलाइ छोड्नुपर्ने जमिन छाडेका हौ । महानगरले परिकल्पना गरेको क्यौटो शहर कान्तिपुर नगर पौराणिक हुन्छ भन्ने बिश्वासले नै वर्णबास यहि उपत्यकामा बन्दैछ ।

नेपाल सरकार नापी बिभाग आफैद्धारा नापी भई पुनः वर्णबास ले नियम पूर्बक निर्माण कार्य गरेको ब्यहोरा तपसिलमा सार्बजनिक हितका लागि प्रकाशित गर्नुपरेको ब्यहोरा अनुरोध छ ।

14th Sept, 2022

वर्णबास म्युजियम होटल प्रा.लि.

VARNABAS
MUSEUM HOTEL

Subarna Shamsher Marg, Gairidhara
Kathmandu 44600

प्रमाण-पत्र नं: HOTL/075-76/08644-B

# काठमाडौं महानगरपालिका

Kathmandu Metropolitan City Office

VARNABAS

## भवन निर्माण अनुमति पत्र

मिति :२०७६-०३-०९

श्री वर्णबास म्युजियम होटल प्रा.लि.

तपाई/ तहाँलाई आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेख भए बमोजिमको जग्गामा नयाँ भवन निर्माण गर्ने अनुमति माग गर्नुभएको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३३ अनुसार देहाय बमोजिमको निर्माण कार्य गर्न यो अनुमति प्रदान गरिएको छ ।

तपसिल

१. जग्गाको विवरण :
   वडा नं. : ४ , स्थान : बालुवाटार , कित्ता नं.: ३ , क्षेत्रफल : ९६१.८४ (व.मी)
   क्षेत्र (जोन) : आवाशिय क्षेत्र , उप क्षेत्र : व्यापारिक उपक्षेत्र
२. जग्गा धनीको नाम, थर, वतन : राजेन्द्र बजगाईं
३. निर्माणको किसिम : फ्रेम स्ट्रक्चर
४. भवनको प्रयोजन : होटेल भवन नः
५. भवनको लम्वाई २४ (मी) , चौडाई १७.१५० (मी), उचाई ३८.२०० (मी)
६. घर वनेको प्लटसंग जोडिएको बाटोको नाम __
   बाटोको केन्द्र रेखावाट छोड्नु पर्ने दुरी : पश्चिम तर्फ १० (मी) , छोडेको दुरी : पश्चिम तर्फ १० (मी),
७. बिजुलीको तार नजिक भएमा छोड्नु पर्ने दुरी : N/A (मी), छोडेको दुरी : ० (मी), भोल्ट N/A
८. नदी/राजकुलो आदि भए किनारबाट छोड्नु पर्ने दुरीः ४ (मी), छोडेको दुरीः ४ (मी) , नदिको नामः Tukucha
९. निकास सम्बन्धी व्यवस्था : सेफ्टि ट्यांक
१०. निर्माण हुने भवनको विवरण

| निर्माण हुने भवनको विवरण | क्षेत्रफल (व.मी) |
|---|---|
| क) भूमिगत १ | ३२६.२ |
| ख) भूमिगत २ | ४९० |
| ग) जमिन तल्ला | ३५२ |
| घ) पहिलो तल्ला | ३६३.३ |
| ङ) दोस्रो तल्ला | ३६३.३ |
| च) तेस्रो तल्ला | ३६३.३ |
| छ) चौथो तल्ला | ३६३.३ |
| ज) पाँचौ तल्ला | ३६३.३ |
| झ) छैठौं तल्ला | ३६३.३ |
| ञ) सातौं तल्ला | ३६३.३ |
| त) आठौं तल्ला | ३६३.३ |
| जम्मा क्षेत्रफल | ४०७४.६ |

११. अन्य कुनै विवरण : __

| पेश गर्ने | जाँच गर्ने | सिफारिस गर्ने | स्वीकृत गर्ने |
|---|---|---|---|

भवन निर्माण इजाजत विभाग

*नोट : स्वीकृत नक्सा, भवन निर्माण मापदण्ड तथा भवन संहिता अनुसार भवन निर्माण सम्पन्न गरी भवन निर्माण सम्पन्नताको प्रमाण-पत्र अनिवार्य रूपमा लिनुपर्नेछ ।*

सांस्कृतिक सहर, काठमाडौं नगर

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन विभाग
(होटल तथा पर्वतारोहण शाखा)

www.tourismdepartment.gov.n
Email: info@tourismdepartment.gov
फयाक्स नं.:- ४२२७२८१
फोन नं.:- ४२५६२२८,४२५६२३२,४२५६२३१

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या :- ०७५/७६
च.नं. : 8688

मिति : २०७६/०३/०२

श्री बर्णबास म्यूजियम होटल प्रा.लि.
का.म.न.पा.-०४, गैह्रीधारा, काठमाडौं ।

**बिषय : प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रतिवेदन स्वीकृत गरिएको ।**

प्रस्तुत विषयमा त्यस प्रा.लि.ले का.म.न.पा.-०४, गैह्रीधारा, काठमाडौंमा होटल संचालन गर्ने प्रयोजनार्थ वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५४ बमोजिम तयार गरी प्रस्तुत गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन उपर छलफल हुँदा उठेका बुँदाहरुमध्ये **Ground water extraction permit** लिनुपर्ने बाहेकका अन्य सम्पूर्ण सुझावहरु समेटी परिमार्जित प्रतिवेदन स्वीकृतिको लागि पेश हुन आएकोले विभागको मिति २०७६।०३।०२ को निर्णयानुसार माथि उल्लेख गरिएको बाँकी कागजात होटलको स्तर बर्गीकरण हुनुभन्दा अगावै अनिवार्य रुपमा पेश गर्नुपर्ने शर्तमा प्रतिवेदन स्वीकृत भएको ब्यहोरा अनुरोध छ । स्वीकृत (IEE) प्रतिवेदनको १ प्रति यसैसाथ संलग्न छ ।

२०७६/३/०२

(तिलकप्रसाद रिजाल)
शाखा अधिकृत

नेपाल सरकार
# काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड
सैंबु, भैंसेपाटी, ललितपुर

पत्र संख्या : ०७८/७९
चलानी नं. : ४३५

मिति : २०७९।०३।०१

श्री वर्णवास म्यूजियम होटल प्रा.लि.
का.म.न.पा. वडा नं. ४, बालुवाटार, काठमाडौं ।

**विषय : भूमिगत श्रोतको पानी निकाल्न तथा उपयोग गर्न स्वीकृती प्रदान गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा भूमिगत श्रोतको पानी निकाल्न अनुमति पाउँ भनि त्यस संस्थाबाट मिति **२०७९।०१।२९** मा यस बोर्ड समक्ष निवेदन प्राप्त भएकोमा संलग्न कागजातका आधारमा प्राप्त निवेदन उपर कार्यवाहि हुँदा हाललाई **"भूमिगत श्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमति पत्र जारी गर्ने निर्देशिका २०७१"** को दफा ८ बमोजिम भूमिगत श्रोतको पानी निकाल्ने प्रयोजनका लागी Shallow Level मा Screen नपर्ने गरी त्यस संस्थाले पेश गरेको जग्गाको क्षेत्रभित्र तहाँबाट पेश गरेको प्रस्ताव अनुरुप ६ महिना भित्रमा निर्माण सम्पन्न गर्ने गरी यस वोर्डको मिति **२०७९।०२।३१** को निर्णयानुसार ट्यूबवेल थान १ निर्माण गर्नको लागी स्वीकृती प्रदान गरीएको छ ।

अनुमतिपत्र दिने प्रक्रिया तथा आधारहरु सोहि निर्देशिकाको दफा ८ बमोजिम हुने भएकोले तोकिएको समय भित्र निर्माण कार्य सम्पन्न गरी अनुमतिपत्र को लागि वोर्डमा आवश्यक कागजपत्र सहित पेश गर्नुहुन समेत जानकारी गराईन्छ । वोर्डबाट स्वीकृत डिजाईन अनुरुप ट्यूबवेल वा ईनार निर्माण भए नभएको जाँच गरेर मात्र पानी निकाल्ने तथा उपयोग गर्ने अनुमतिपत्र जारी गरीनेछ ।

Radha
.............................
**ई.राधा ढकाल**

ललितपुर महानगरपालिका, वडा नं.-१८ सैंबु, भैंसेपाटी, ललितपुर
फोन नं.-०१ ५५९१७३७/५५९१९३७ फ्याक्स : ०१ ५५९१५७१
E-mail: info@kvwsmb.org.np, Website: www.kvwsmb.org.np